# पाठ ३:
# पात्रहरुलाई कुरा गराऔँ



# डिबग(debug) गरेर शुरू गरौँ!

आजको पाठ सुरु गर्नु अघि, केही बग(bug)हरू सच्याऔँ।

**बग भनेको कोड(code)मा भएको त्रुटि हो। डिबग गर्नु भनेको कोडलाई सच्याउनु हो।**






नृत्य १




नृत्य २


# पाठका लागी तयारी गरौँ

## स्क्र्याच अकाउन्ट(**Account**)मा प्रवेश(**Sign In**) गर

1 अघिल्लो कक्षामा शिक्षकले दिनुभएको युजरनेम(username) र पासवर्ड(-password) प्रयोग गरी आफ्नो स्क्र्याच(Scratch) अकाउन्टमा प्रवेश गर।




2 अधिक स्पष्टता(high contrast) भएका ब्लकको प्रयोग गर।




# केही उदाहरणहरूसँग खेलौँ

उदाहरणका रूपमा तल दिइएका संवाद चलाएर हेर। यिनीहरुमा परिवर्तन गरेर हेर, के हुँदोरहेछ।




Hajur_Buba Sanu




Tree in a desert

प्रोजेक्टलाई पहिलेको स्वरूपमा फर्काउन पेजलाई पुन: लोड(**reload**) गर।



ब्लकहरू जोडेर कोड बन्छ।






कमेन्ट(**comment**)ले अरूलाई तिम्रो कोड बुझ्न मदत गर्छ तर प्रोजेक्टमा केही पनि असर गर्दैन।

# पात्रहरुलाई कुरा गर्न लगाऔँ

यस पाठमा हामी पात्रहरूलाई कुरा गर्न लगाउनेछौँ। तल दिइएका कुनै एक विषयमा संवाद बनाउ।

**A** एक बालीकाको धेरै वर्षपछि आफ्नो बुबासँग भेट हुन्छ।


**B** जङ्गलमा हराएको बच्चाले एक बोल्न सक्ने जनावरलाई भेट्छ।

**C** एक विद्यार्थीले आफ्ना शिक्षकलाई गृहकार्य नगरेको कुरा बताउँछ।


राम्रो संवादमा पात्रहरू पालैपालो बोल्छन्
र अर्काको कुरा सुन्छन्।




1 तिम्रा स्प्राइटसँग यी ब्लकहरू प्रयोग गरेर हेर।




पात्रहरूलाई बोल्न लगाऊ





कुराकानी गर्दा पर्खिन पनि लगाऊ




पात्रहरूलाई हाउभाउ प्रयोग गराऊ

» आवाजहरुको प्रयोग गर






पात्रहरू उल्टाउनुहोस्

## केही सुझाव


ब्लाकहरू जोड्ने ठाउँ ठूलो बनाउनका लागी स्टेज(stage)लाई सानो बनाउ




## आफ्नो प्रोजेक्ट Save गर्न नबिर्सिनु।




अफलाइन अथवा बिना अकाउन्ट स्क्र्याच चलाउँदै छौ भने कम्प्युटरमा सेभ गर।




आफ्नो प्रोजेक्ट साझा गर। साथीहरुका प्रोजेक्ट चलाएर हेर र कमेन्ट गर!





# गर्नका लागी थप रमाइला कुरा

1 आफ्नो आवाज रेकर्ड गर र यसलाई पात्रहरूको बोलीका लागी प्रयोग गर।


Note: नोट: यो सुविधा प्रयोग गर्नका लागी तिम्रो कम्प्युटरमा स्पिकर र माइक हुनु आवश्यक छ।



3 रेकर्ड गरेपछि आवश्यक नहुने भागहरू हटाऊ।




3 रेकर्ड गरिएको आवाजलाई स्प्राइटहरूको कुराकानीमा प्रयोग गर।




# आजको पाठलाई फर्केर हेरौँ

- स्क्र्याचमा संवाद बनाउने अनुभव कस्तो रह्यो ?
  - »के कुरा रमाइलो लाग्यो?
  - »के कुरा अलि गाह्रो लाग्यो?
- तिमीसँग आजका प्रोजेक्टहरूमा काम गर्न थप समय भएको भए के बनाउँथ्यौ? किन?